# सिमकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल

प.सं.-२०८२।०८३
चलानी नं.-9४३३

मितिः २०८२।१०।२८
ने.सं. : ११४६ बुधवार

श्री वडा अध्यक्ष ज्यू,
सिमकोट गाउँपालिका हुम्ला ।

**विषय: शैक्षिक सत्र २०८३ को 'विद्यार्थी भर्ना अभियान' सञ्चालन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा **'सबै बालबालिकाको विद्यालयमा पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चितता'** भन्ने मूल नाराका साथ आगामी शैक्षिक सत्र २०८३ को विद्यार्थी भर्ना अभियान मिति २०८२।११।०१ गते देखि २०८२।११।१५ गतेसम्म सिमकोट गाउँपालिकामा हुन गइरहेको छ। शिक्षा पाउनु हरेक बालबालिकाको मौलिक हक भएकाले विद्यालय उमेर समूहका कोही पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित नहुन् भन्ने हाम्रो साझा लक्ष्य रहेको छ । तसर्थ, आ-आफ्नो वडास्तरमा रहेका विद्यालय उमेरका (विशेषगरी विद्यालय बाहिर रहेका, विपन्न र पिछडिएका वर्गका) बालबालिकाहरूलाई विद्यालयसम्म ल्याउन र टिकाउनका लागि देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गरिदिनुहुन सादर अनुरोध छ।

**अभियानका मुख्य कार्यहरू:**

**१.घरदैलो कार्यक्रम**: वडाका टोल-टोलमा पुगी विद्यालय जाने उमेरका बालबालिकाहरूको पहिचान गर्ने र अभिभावकहरूलाई सचेत गराउने।

**२. भर्ना उत्सव:** फागुनको पहिलो हप्तालाई 'भर्ना उत्सव'का रूपमा मनाउँदै विद्यालयमा स्वागत कार्यक्रम आयोजना गर्ने।

**३. नि:शुल्क पाठ्यपुस्तक वितरण:** भर्ना भएकै दिन विद्यार्थीको हातमा नयाँ पाठ्यपुस्तक पुग्ने व्यवस्था मिलाउने।

**४. सहयोग र समन्वय:** दलित, अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न बालबालिकाहरूलाई छात्रवृत्ति तथा अन्य शैक्षिक सामग्रीका लागि आवश्यक समन्वय गर्ने।

**५. प्रचार-प्रसार:** माइकिङ, सार्वजनिक सूचना तथा सरोकारवालाहरूको बैठक मार्फत अभियानबारे जानकारी गराउने

शिक्षा जस्तो पवित्र र महत्वपूर्ण कार्यमा यहाँको सक्रिय नेतृत्व र वडा समितिको पूर्ण सहयोग रहनेमा हामी विश्वस्त छौं।

(बम बहादुर फडेरा)
प्रमुख प्रशासकीय अधिकृत

"उच्च हिमाली, विविधतायुक्त, व्यपारीक र पर्यटकीय सहर : समृद्ध हाम्रो सिमकोट नगर "
फोन न.-0977-087680094,9858320192 वेवसाइड-www.simkotmun.gov.np
इमेल:-ito.simkotmun@gmail.com/info@simkotmun.gov.np